# २४ वर्षदेखि न्यायको पर्खाइमा आरक्ष विस्थापित

**सौर्य समाचार**

कञ्चनपुर । बेदकोट नगरपालिका–९ सुन्दरपुरमा हिरासिंह भण्डारीको डेढ बिघा जग्गा थियो । तत्कालीन शुक्लाफाँटा वन्यजन्तु आरक्ष (हालको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज) विस्तारका क्रममा २०५८ मंसिर १२ गते उनी त्यहाँबाट विस्थापित हुनुपर्‍यो । आरक्ष विस्तारका क्रममा राज्यबाट विस्थापित भएपछि भण्डारीले पुनःस्थापनाको पर्खाइमा करिब ४–५ वर्ष सडकमै बिताए । राज्यबाट व्यवस्थापन हुन नसकेपछि २०६४ सालमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने ढक्का शिविरमा उनीलगायतका ६०० विस्थापित बसोबास गर्दै आएका छन् ।

'सरकारले हाम्रो व्यवस्थापन नगरेपछि जंगलको किनारमा खाली ठाउँ देखेपछि यहाँ बसेका छौँ', आरक्षपीडित भण्डारी भन्छन्, 'सरकारले ३३ आयोग गठन गरे पनि हाम्रो व्यवस्थापन हुनसकेको छैन, २४ वर्ष बितिसक्यो ।' भण्डारीका अनुसार शिविरमा हाल ६०४ परिवारको बसोबास छ । 'हामी यहाँ झुपडी बनाएर जर्बजस्ती बसेका हौँ, जंगली हात्ती आउँछ । घर भत्काउँछ, पुनः झुपडी बनाउन निकुञ्जले रोक्छ', दुःखेसो बिसाउँदै उनले भने, 'बिजुली बत्ती, खानेपानी, शौचालय केही सुविधा छैन, सोलार पनि निकुञ्जले लगाउन दिँदैन ।'

उनका अनुसार २४ वर्षदेखि ढक्का शिविरका बासिन्दा अँध्यारोमै बस्न बाध्य छन् । जसले गर्दा बालबालिकाको पढाइसमेत प्रभावित भएको छ । 'राज्यबाट केही सुविधा मिलेको छैन, हाम्रा बालबालिकाले खोप र भिटाभिनसमेत पाएका छैनन्', भण्डारीले भन्छन्, 'हाम्रो भोट मात्र चल्छ, अरू केही चल्दैन आधारभूत सेवाबाट वञ्चित भएका छौँ ।' अहिले बसिरहेको ठाउँमा गहुँ थ्रेसिङ र खनजोतका लागि पनि निकुञ्जको अनुमति लिनुपर्ने बाध्यता रहेको उनको भनाइ छ । सरकारले आरक्ष विस्थापितको समस्या समाधानका लागि विभिन्न समयमा ३३ वटा आयोग गठन गरिसकेको छ । तैपनि विस्थापितको समस्या समाधान हुन सकेको छैन । जिल्लाका विभिन्न स्थानबाट विस्थापित भएका ६०४ परिवार २ दशकदेखि ढक्का शिविरमा कष्टकर जीवन बिताइरहेका छन् ।

पिपलाडी–१ बाट विस्थापित भएर शिविरमा बस्दै आएका मोतिलाल डगौरा सरकारले सट्टाभर्ना दिने आश्वासन दिए पनि हालसम्म नदिएको बताउँछन् । 'विस्थापित हुने बेला जग्गाधनी पुर्जा थिएन, सट्टाभर्ना पाइएन', उनले भने, 'हाम्रो व्यवस्थापनका लागि सरकारले पटकपटक आयोग गठन गर्‍यो, ती आयोगले समस्या समाधान गर्नुको साटो विस्थापितको संख्या थपघट गर्ने काम मात्र गरेको छ ।' सरकारले छानबिन गरेर वास्तविक पीडितको व्यवस्थापन गर्नुपर्ने उनको भनाइ छ । 'राज्यले हाम्रो पीडा बुझेन, हामी भोट बैंक मात्र भयौँ', उनी भन्छन्, 'चुनावका बेला मात्र नेताहरू आउँछन्, हामी व्यवस्थापन गर्छु भन्छन् अहिलेसम्म आश्वासन मात्र पाएका छौँ ।'

२०५८ सालमा द्वन्द्वका बेला सरकारले तत्कालीन शुक्लाफाँटा आरक्षको पूर्वी क्षेत्र विस्तार गर्दा विस्थापित पीडित अझै पनि जंगल, खोला नदी छेउछाउमा झुपडी बनाएर बस्दै आएका छन् । निकुञ्जको 'कोर एरिया'मा रहेको ढक्कालगायत जिल्लाका विभिन्न स्थानका १७ शिविरमा विस्थापित बसोबास गरिरहेका छन् । निकुञ्जभित्रको ढक्का शिविरमा ६०४, तारापुर १८० र लल्लरेडाँडामा १३ परिवारको बसोबास छ । त्यसैगरी कृष्णपुर नगरपालिकाको बाणी, सिसमघारी र मालुबेला, शुक्लाफाँटा नगरपालिकाको सिमलफाँटा, बनहरा र वैशाखा, बेदकोट नगरपालिकाको सुडासँगै पुनर्वास नगरपालिका र बेलडाँडी गाउँपालिकाका शिविरमा गरी २ हजार ४७३ परिवार विस्थापित छन् ।

त्यतिबेला विस्थापित भएकालाई भीमदत्त नगरपालिका–१४ र १६ को नयाँ कटान, बेदकोट नगरपालिका–१० र शुक्लाफाँटा नगरपालिकाको सिमलफाँटामा पुनःस्थापना गरिएको थियो । पुनःस्थापना हुन नसकेकाहरू अहिले निकुञ्जभित्रै र बाहिर बसोबास गरिरहेका छन् । निकुञ्जभित्र बसोबास गरिरहेकाहरू पनि जंगलमै खनजोत गरेर खेतीपाती गरिरहेका छन् । जंगलमा वन्यजन्तुदेखि सर्प र कीराको डरैडरमा बाँच्नुपरेको विस्थापितहरू बताउँछन् ।

निकुञ्जको क्षेत्रमा बसोबास रहेको हुँदा निकुञ्जमा जंगली जनावरको मृत्यु भए पनि यहाँका बासिन्दालाई आरोप लाग्ने गरेको ८२ वर्षीय विवसिंह धामी बताउँछन् । 'त्यतिबेला राज्यले गर्भवती र बालबालिकालाई उठाएको थियो, हामीले ५ वर्ष त सडकमै बितायौँ', धामीले भन्छन्, 'निर्वाचनका बेला मात्र हामीलाई आश्वासन आउँछ हामी अँध्यारोमा कष्टकर जीवन बिताउन बाध्य छौँ ।' उनले आफूहरूको व्यवस्थापनका लागि विभिन्न समयमा आन्दोलन गरे पनि व्यवस्थापनका लागि कुनै पहल नभएको बताए ।

२ दशकदेखि छाप्रा बनाएर यहाँ बसोबास गरिरहेका नागरिक आधारभूत आवश्यकताबाट समेत वञ्चित छन् । 'हामी अँध्यारोमा बस्न बाध्य छौँ, निकुञ्जले यहाँ सोलारसमेत लगाउन दिँदैन', पीडित रामदास चौधरीले भन्छन्, 'हामी मोबाइल र टर्च चार्ज गर्न अर्को गाउँ जानुपर्छ त्यहाँ १० रुपैयाँका दरले तिरेर मोबाइल र टर्च चार्ज गर्नुपरेको छ ।' शिविरमा विद्युत् नहुँदा बालबालिकाको पढाइ प्रभावित हुने गरेको उनको दुःखेको छ । 'यहाँ हामीले धेरै दुःख खेप्नुपरेको छ, खेतमा लगाएको अन्न जंगली जनावरले खाइदिन्छन्, धान, गहुँ थ्रेसिङ गर्न निकुञ्जको अनुमति लिनुपर्छ ।' राज्यबाट पाउनुपर्ने कुनै पनि सेवा नपाएको उनीहरूको गुनासो छ । लालझाडी गाउँपालिकाका अध्यक्ष निर्मल राना ढक्का शिविरमा थुप्रै समस्या रहे पनि समाधान गर्न नसकिएको स्वीकार गर्छन् । 'हामीले शिविरमा उज्यालोका लागि सोलार जडान गर्ने तयारी गरेका थियौँ, तर निकुञ्जले अनुमति दिएन', उनले भने, 'त्यहाँ हामीले चाहेर पनि केही गर्न सक्दैनौँ ।'

उक्त शिविर निकुञ्जको कोर एरियामा भएका कारण त्यहाँ निकुञ्ज प्रशासनले विद्युत्, खानेपानीलगायत सेवा विस्तारमा रोक लगाउने गरेको छ । १५५ वर्गकिलोमिटर क्षेत्रफलमा रहेको तत्कालीन आरक्षको पूर्वी क्षेत्र विस्तार गरेर ३०५ वर्गकिलोमिटर बनाइएको थियो । राजनीतिक दलहरूले चुनावका बेला मुद्दा उठाउने र कार्यकर्ता भर्तीका लागि आयोग गठन गर्ने गरेको विस्थापितको आरोप छ ।

नेपाल सरकार

खानेपानी मन्त्रालय

खानेपानी तथा ढल व्यवस्थापन विभाग, पानीपोखरी

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना

वीरगंज

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८२/०२/१३**

यस आयोजनाबाट राष्ट्रिय दैनिकको मिति २०८१/१२/१२ को संस्करणमा प्रकाशित Invitation For Bid Notice No:.FWSSMPBIRGUNJ/NCB/WORKS/05/2081–82 को PPMO को E–Procurement Portal मार्फत बोलपत्र आव्हान गरिएको तपशिलका निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरु बाट E– Bid मार्फत प्राप्त प्राविधिक एवम आर्थिक प्रस्ताव मध्य मिति २०८२/०१/११ गते खोलिएको बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन सम्पन्न भई स्वीकृत भएको हुदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मितिः २०८२/०२/२० मंगलवार, समयः बिहान ११:०० बजे, स्थानः संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, वीरगंज**

| सि.नं. | ठेक्का नं. | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएको बोलपत्रदाताहरुको नामावली |
|---|---|---|
| १ | FWSSMPBIRGUNJ/NCB/WORKS/05/2081-82 (Construction of Nijgadh Brihat Water Supply Project) | 1) Sagar Nirman Sewa Private Limited:- Budanilkantha-08- Mandikhatar, Kathmandu<br>2) Suprem -Jayamata J.V - Koteshowr, Kathmandu<br>3) Jaljala-Ambarshanti-Prayan JV-Lalitpur Metropolitan city, Ward No 8, Balkumari<br>4) A.M. Construction Company (P.) Ltd- Gwarko, Ring Road |

**आयोजना प्रमुख**

दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

कोशी प्रदेश, नेपाल

## आन्तरिक आय संकलनका लागि बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०२/१२)

नगरपालिकाको आ.ब.२०८२/०८३ का लागि आन्तरिक आय संकलनका लागि निम्न ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले सम्बन्धित सबैको जानकारीको लागि तपशिल अनुसारका शर्तहरू उल्लेख गरी निम्न आय ठेक्काहरुको ३० (तीस) दिने बोलपत्र सूचना प्रकाशित गरीएको छ । आय ठेक्कामा भाग लिन चाहने कम्पनी/फर्महरूले तपशिलको सेवा शर्तका वन्देजमा रही विद्युतीय माध्यम (ई-बिड) वाट पेश गर्ने गरी यो सूचना प्रकासित गरिएको छ ।

तपशिल

| सि. न. | ठेक्का नं. | बोलपत्रको नाम | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/PSH//72/81/82 | (कृषि तथा पशुपंक्षी जन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने ) पशुहाट कर संकलन | १,२९,३७,७७७/- (अक्षेरपी एक करोड उन्नतिस लाख सैतिस हजार सातसय सतहत्तर रुपैयाँ मात्र ) | कबोल गरेको रकमको ५% | ३,०००/- |
| २ | DMO/JHAPA/PRK//73/81/82 | पार्किङ्ग सेवा शुल्क | ७९,००,०००/- (अक्षेरपी उनासी लाख रुपैयाँ मात्र ) | | |

ठेक्का सम्बन्धी शर्तहरु तथा अन्य विस्तृत विवरणका लागि www.bolpatra.gov.np, अथवा दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमक, झापामा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना १३ गते मंगलबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : जुग्ले शाखा** — **कर्जा शीर्षक : सहुलियत आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **गिता किराना पसल** प्रोप्राइटरको नाम : गिता पौडेल क्षेत्री प्रा.फ.दर्ता : १०१/०७८/०७९
दर्ता मिति : २०७८/०६/०६ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उधोग कार्यालय स्याङजा
स्थायी लेखा नं. : ६१६८०६४२९ ठेगाना : स्याङजा जिल्ला आँधिखोला गा.पा वडा नं. ५

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मोहदत्त लामिछानेको छोरी बखत बहादुर पौडेल क्षेत्रीको बुहारी थमन बहादुर पौडेल क्षेत्रीको पत्नी कास्की जिल्ला ल्वाङ्गघलेल वडा नं. १ हाल, स्याङ्जा जिल्ला आँधिखोला गा.पा वडा नं. ५ बस्ने **गिता पौडेल क्षेत्री** (ना.प्र.नं. : ४६१०४०/९७४ जारी मिति र जिल्ला : २०६९/०३/०३, कास्की)

२) रण बहादुर क्षेत्रीको नाति बखत बहादुर पौडेल क्षेत्रीको छोरा कास्की जिल्ला माछापुच्छे गा.वि.स वडा नं. ८ हाल, स्याङ्जा जिल्ला आँधिखोला गा.पा वडा नं. ५ बस्ने **थमनबहादुर पौडेल क्षेत्री** (ना.प्र.नं. : ४६-०१-७०-०५३५२ जारी मिति र जिल्ला : २०७० /०५/३०, कास्की)

३) धन बहादुर घर्तिको बुहारी राजेश जि.टी को पत्नी स्याङ्जा जिल्ला चिलाउनेबास गा.वि.स वडा नं. २ हाल, आधिँखोला गा पा वडा नं. ५ बस्ने **सिता कुमारी पौडेल जि.टी** (ना.प्र.नं. :४२१०६२/५/१८ जारी मिति र जिल्ला :२०६३/०१/०५ स्याङ्जा)

**२) शाखा कार्यालय : जुग्ले शाखा** — **कर्जा शिर्षक : साधरण कर्जा**

**ऋणीको विवरण**

मोहदत्त लामिछानेको छोरी बखत बहादुर पौडेल क्षेत्रीको बुहारी थमन बहादुर पौडेल क्षेत्रीको पत्नी कास्की जिल्ला ल्वाङ्गघलेल वडा नं. १ हाल, स्याङ्जा जिल्ला आँधिखोला गा.पा वडा नं. ५ बस्ने **गिता पौडेल क्षेत्री** (ना.प्र.नं. : ४६१०४०/९७४ जारी मिति र जिल्ला : २०६९/०३/०३, कास्की)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

रण बहादुर क्षेत्रीको नाति बखत बहादुर पौडेल क्षेत्रीको छोरा कास्की जिल्ला माछापुच्छे गा.वि.स वडा नं. ८ हाल, स्याङ्जा जिल्ला आँधिखोला गा.पा वडा नं. ५ बस्ने **थमनबहादुर पौडेल क्षेत्री** (ना.प्र.नं. : ४६-०१-७०-०५३५२ जारी मिति र जिल्ला : २०७० /०५/३०, कास्की)

**३) शाखा कार्यालय : जुग्ले शाखा** — **कर्जा शिर्षक : साधरण कर्जा**

**ऋणीको विवरण**

रण बहादुर क्षेत्रीको नाति बखत बहादुर पौडेल क्षेत्रीको छोरा कास्की जिल्ला माछापुच्छे गा.वि.स वडा नं. ८ हाल, स्याङ्जा जिल्ला आँधिखोला गा.पा वडा नं. ५ बस्ने **थमनबहादुर पौडेल क्षेत्री** (ना.प्र.नं. : ४६-०१-७०-०५३५२ जारी मिति र जिल्ला : २०७०/०५/३०, कास्की)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मोहदत्त लामिछानेको छोरी बखत बहादुर पौडेल क्षेत्रीको बुहारी थमन बहादुर पौडेल क्षेत्रीको पत्नी कास्की जिल्ला ल्वाङ्गघलेल वडा नं. १ हाल, स्याङ्जा जिल्ला आँधिखोला गा.पा वडा नं. ५ बस्ने **गिता पौडेल क्षेत्री** (ना.प्र.नं. : ४६१०४०/९७४ जारी मिति र जिल्ला : २०६९/०३/०३, कास्की)

२) शिवप्रसाद पौडेलको छोरी पुरुषोतम लामिछानेको बुहारी केशवराज लामिछानेको पत्नी स्याङ्जा जिल्ला सेतिदोभान वडा नं. ९ हाल, आधिँखोला गा.पा वडा नं. ५ बस्ने **जमुना लामिछाने** (ना.प्र.नं. : ४२३०५४/६८ जारी मिति र जिल्ला : २०६३/१०/०७, स्याङ्जा)

**४) शाखा कार्यालय : विर्तामोड शाखा** — **कर्जाको शिर्षक : व्यवसायिक कर्जा**

**ऋणीको विवरण**

नाम : **कामधेनु गाई फर्म** प्रोप्राइटरको नाम : कल्पना पराजुली दर्ता नं. :२५६०९
दर्ता मिति : २०८०/०२/०७ दर्ता गर्ने कार्यालय :घरेलु तथा साना उद्योग कार्यलय कोशी प्रदेश, झापा, भद्रपुर
रजिष्टर्ड ठेगाना : झापा जिल्ला हल्दिवारी न.पा. वडा नं. १ स्थायी लेखा नं. : ६१९९६७८८२

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) इन्द्रलाल पोखेलको छोरी नारायण प्रसाद पराजुलीको बुहारी गणेश पराजुलीको पत्नी झापा जिल्ला गोलधाप गा.वि.स. वडा नं. ४ हाल, हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **कल्पना पराजुली** (ना.प्र.नं. : ०४-०१-७१-१२६२५ जारी मिति र जिल्ला : २०७१/०१/२१, झापा)

२) देवी चरण पराजुलीको नाति नारायण प्रसाद पराजुलीको छोरा झापा जिल्ला गोलधाप गा.वि.स. वडा नं. ४ हाल, हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **गणेश पराजुली** (ना.प्र.नं. : ०४१०२०/५५७ जारी मिति र जिल्ला : २०६६/०८/०४, झापा)

३) देवी चरण पराजुलीको नाति नारायण प्रसाद पराजुलीको छोरा झापा जिल्ला गोलधाप वडा नं. ४ हाल, हल्दिबारी गा.पा. वडा नं.१ बस्ने **तेजमान पराजुली** (ना.प्र.नं. : ०३/५१४३ जारी मिति र जिल्ला : २०६३/०५/२१, झापा)

४) दान बहादुर बस्नेतको छोरी नारायण प्रसाद पराजुलीको बुहारी तेजमान पराजुलीको पत्नी सुनसरी जिल्ला इटहरी वडा नं. २ हाल, झापा जिल्ला हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **दुर्गा बस्नेत** (ना.प्र.नं. : ८७३८५/८८३८५ जारी मिति र जिल्ला : २०६१/०१/२३, सुनसरी)

५) चन्द्र प्रसाद उप्रेतीको छोरी देवी चरण पराजुलीको बुहारी नारायण प्रसाद पराजुलीको पत्नी झापा जिल्ला गोलधाप गा.वि.स. वडा नं. ४ हाल, हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **रुपादेवी पराजुली** (ना.प्र.नं. : ७६१५८६८ जारी मिति र जिल्ला : २०४६/०३/२०, झापा)

**५) शाखा कार्यालय : विर्तामोड शाखा** — **कर्जा शिर्षक : व्यवसायिक कर्जा**

**ऋणीको विवरण**

नाम : **प्रगति बोयर बाखा पालन एण्ड तालिम केन्द्र प्रा.लि** संचालकको नाम : गणेश पराजुली
दर्ता नं. : २५५४९६/०७७/०७८ दर्ता मिति : २०७७/१०/२८
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय
रजिष्टर्ड ठेगाना : झापा जिल्ला हल्दिवारी न.पा. वडा नं. १ स्थायी लेखा नं. : ६०९९३२०१०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) देवी चरण पराजुलीको नाति नारायण प्रसाद पराजुलीको छोरा झापा जिल्ला गोलधाप गा.वि.स. वडा नं. ४ हाल, हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **गणेश पराजुली** (ना.प्र.नं. : ०४१०२०/५५७ जारी मिति र जिल्ला : २०६६/०८/०४, झापा)

२) इन्द्रलाल पोखेलको छोरी नारायण प्रसाद पराजुलीको बुहारी गणेश पराजुलीको पत्नी झापा जिल्ला गोलधाप गा.वि.स. वडा नं. ४ हाल, हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **कल्पना पराजुली** (ना.प्र.नं. : ०४-०१-७१-१२६२५ जारी मिति र जिल्ला : २०७१/०१/२१, झापा)

३) देवी चरण पराजुलीको नाति नारायण प्रसाद पराजुलीको छोरा झापा जिल्ला गोलधाप वडा नं. ४ हाल, हल्दिबारी गा.पा. वडा नं.१ बस्ने **तेजमान पराजुली** (ना.प्र.नं. : ०३/५१४३ जारी मिति र जिल्ला : २०६३/०५/२१, झापा)

४) दान बहादुर बस्नेतको छोरी नारायण प्रसाद पराजुलीको बुहारी तेजमान पराजुलीको पत्नी सुनसरी जिल्ला इटहरी वडा नं. २ हाल, झापा जिल्ला हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **दुर्गा बस्नेत** (ना.प्र.नं. : ८७३८५/८८३८५ जारी मिति र जिल्ला : २०६१/०१/२३, सुनसरी)

५) चन्द्र प्रसाद उप्रेतीको छोरी देवी चरण पराजुलीको बुहारी नारायण प्रसाद पराजुलीको पत्नी झापा जिल्ला गोलधाप गा.वि.स. वडा नं. ४ हाल, हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **रुपादेवी पराजुली** (ना.प्र.नं. : ७६१५८६८ जारी मिति र जिल्ला : २०४६/०३/२०, झापा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ